**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40hrs** **Date: 11.05.2026**

**1.राज्यमन्त्री सावित्री ठाकुर**

भारत सरकारकी महिला तथा बाल विकास राज्यमन्त्री सावित्री ठाकुर ३ दिने सिक्किम भ्रमणका निम्ति आज साँझ नाम्ची आइपुग्ने कार्यक्रम रहेको छ । उहाँ १३ मे २०२६ सम्म सिक्किमको नाम्ची जिल्लाको औपचारिक भ्रमणमा रहनुहुनेछ । भर्खरै प्राप्त जानकारी अनुसार राज्यमन्त्री ठाकुर बागडोगरा विमानस्थलबाट सडक मार्गहुँदै नाम्चीतर्फ प्रस्थान गरिसक्नुभएको छ । बागडोगरा विमानस्थलमा राज्यमन्त्रीलाई गृह विभागकी अतिरिक्त सचिव शर्मिष्ठा प्रधान, साथै अन्य उच्च पदस्थ अधिकारीहरूले उहाँको स्वागत गर्नुभएको थियो ।

**2.गान्तोक बाइपास सडक निर्माण कार्य**

राष्ट्रिय राजमार्ग ३१० (NH-310) अन्तर्गत रानीपुलदेखि बुर्तुकसम्मको 'पेभ्ड सोल्डर' सहितको दुई-लेन गान्तोक बाइपास सडकको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । वार्षिक योजना २०२१–२२ अन्तर्गत इपिसी (EPC) मोडमा यो परियोजना कार्यान्वयन भइरहेको छ । मुख्यमन्त्रीको कार्यालयबाट प्राप्त जानकारी अनुसार, हालसम्म यस परियोजनाले लगभग ९० प्रतिशत भौतिक प्रगति हासिल गरिसकेको छ । करिब २० किलोमिटर सडकमा कार्पेटिङ (कालोपत्रे) गर्ने काम सफलतापूर्वक सम्पन्न भइसकेको छ । केही खण्डहरूमा थप जग्गा अधिग्रहणको प्रक्रियाका कारण काममा केही ढिलाइ भएको छ । प्रतिकूल मौसमका कारण समय समयमामा अवरोध सिर्जना भए तपनि निर्माण कार्य निरन्तर अगाडि बढिरहेको छ । यदि मौसम अनुकूल रहेमा बाँकी रहेका सम्पूर्ण कार्यहरू आगामी तीन महिना भित्रमा सम्पन्न हुने अपेक्षा गरिएको छ । यो बाइपास सडक पूर्ण रूपमा सञ्चालनमा आएपछि गान्तोक शहरको यातायात आवागमनमा ठूलो राहत पुग्ने विश्वास गरिएको छ ।

**3.'जिल्ला स्तरीय समीक्षा समिति' (DLRC) को बैठक**

गेजिङ जिल्लाको ३१ मार्च २०२६ मा समाप्त भएको त्रैमासिक अवधिको लागि 'जिल्ला स्तरीय सल्लाहकार समिति' (DLCC) तथा 'जिल्ला स्तरीय समीक्षा समिति' (DLRC) को बैठक आज क्युङसास्थित जिल्ला पञ्चायत सम्मेलन हलमा भव्य रूपमा सम्पन्न भएको छ । यस बैठकको अध्यक्षता गेजिङका अतिरिक्त जिल्लापाल (ADC) श्री सुरेश राई ले गर्नुभएको थियो । बैठकको क्रममा जानकारी दिइए अनुसार, ३१ मार्च २०२६ सम्ममा गेजिङ जिल्लाको समग्र कर्जा-निक्षेप (CD) अनुपात सुधारिएर ५९ प्रतिशत पुगेको छ । यसका साथै, समितिले 'वार्षिक ऋण योजना' (ACP) अन्तर्गत भएका उपलब्धिहरूको पनि समीक्षा गर्दै आर्थिक वर्ष २०२५–२६ को चौथो त्रैमासिकको अन्त्यसम्ममा 'प्राथमिकता क्षेत्र' (Priority Sector) अन्तर्गत ८२ प्रतिशतको सन्तोषजनक उपलब्धि हासिल भएको प्रतिवेदन प्रस्तुत गरेको थियो । समितिले विभिन्न सरकारी प्रायोजित योजनाहरूको कार्यान्वयन स्थितिको पनि सूक्ष्म रूपमा समीक्षा गरेको थियो । जसमा पी.एम स्वरोजगार सृजन कार्यक्रम (PMEGP), पी.एम. विश्वकर्मा र पी.एम. मुद्रा योजना , किसान क्रेडिट कार्ड (KCC), आवास र शिक्षा ऋण प्रमुख रूपमा समावेश छन् ।

**4.(SSDMA-BOOK**

भारतीय अन्तरिक्ष अनुसन्धान संस्थान (ISRO), अन्तरिक्ष विभाग अन्तर्गतको **राष्ट्रिय रिमोट सेन्सिङ सेन्टर** (NRSC) र **सिक्किम राज्य आपदा व्यवस्थापन प्राधिकरण** (SSDMA) को संयुक्त तत्त्वावधानमा आज **'लाइटनिङ रिस्क एटलस अफ सिक्किम** (२०१९–२०२५)' विमोचन गरिएको छ । यो पुस्तक सिक्किममा चट्याङको जोखिमलाई बुझ्न र विपद् व्यवस्थापनको पूर्वतयारीलाई अझ वैज्ञानिक र प्रभावकारी बनाउन तयार पारिएको हो । यस पुस्तकलाई राष्ट्रिय रिमोट सेन्सिङ सेन्टर (NRSC) को 'लाइटनिङ डिटेक्सन सेन्सर' (LDS) नेटवर्कको प्रयोग गरी तयार पारिएको छ, जसले चट्याङको सटीक तथ्याङ्क उपलब्ध गराउँछ । यस वैज्ञानिक दस्तावेजले आगामी दिनमा चट्याङबाट हुने धन-जनको क्षति कम गर्न र राज्यमा सुरक्षाका उपायहरू अवलम्बन गर्न महत्त्वपूर्ण मार्गनिर्देशन गर्ने विश्वास गरिएको छ । विमोचन कार्यक्रममा सिक्किम सरकारका राहत आयुक्त-सह-सचिव (भूमिसुधार तथा आपदा व्यवस्थापन विभाग) श्री रिन्जिङ छेवाङ भोटिया र NRSC का निर्देशक डा. प्रकाश चौहानको विशेष उपस्थिति रहेको थियो ।

**5.मङ्गन 'अग्नि सुरक्षा सप्ताह'**

मङ्गन जिल्ला अस्पतालले स्वास्थ्यकर्मी र अस्पतालका कर्मचारीहरूमाझ आगलागी नियन्त्रण, आपतकालीन तयारी र सुरक्षाका उपायहरूबारे सचेतना जगाउने उद्देश्यले 'अग्नि सुरक्षा सप्ताह' पालन गरेको छ । मंगन अग्नि समन केन्द्र (Fire Station) का अधिकारीहरूसँगको सहकार्यमा यो विशेष कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रमको नेतृत्व मंगन फायर स्टेशनका प्रभारी स्टेशन फायर अफिसर (SFO) श्री छोपेल दोर्जी भोटियाले गर्नुभएको थियो । कार्यक्रममा जिल्ला अस्पताल मंगनका डाक्टरहरू, नर्सहरू, अस्पतालका अन्य कर्मचारीहरू, बिरामीका कुरुवाहरू र सहयोगी कर्मचारीहरूको सक्रिय सहभागिता रहेको थियो ।

**6.'सिक्किम प्रिमियर लिग'**

'सिक्किम प्रिमियर लिग' (SPL) को चौथो संस्करणमा **थन्डरबोल्ट नर्थ युनाइटेड फुटबल क्लब** लिग विजेता बन्न सफल भएको छ। सात खेलबाट १४ अंक जोड्दै नर्थ युनाइटेड अंक तालिकाको शीर्ष स्थानमा रहन सफल भयो। त्यस्तै, सिङलिङ स्पोर्टिङ क्लब १४ अंकका साथ दोस्रो र याङथाङ युनाइटेड फुटबल क्लब १३ अंकका साथ तेस्रो स्थानमा रहेका छन्। १० अंक जोडेको सिनियोल्चु फुटबल क्लब चौथो स्थानमा छ। यी शीर्ष चार टोलीहरूले अब यस सिजनको च्याम्पियन उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन्।

**6(A)सिक्किम खो-खो संघ**

**सिक्किम** खो-खो संघले ९ मइ २०२६ का दिन गान्तोकको पाल्जोर स्टेडियममा एक बैठक सम्पन्न गर्‍यो, जसको मुख्य उद्देश्य राज्यमा खो-खो खेलको स्तर उकास्नु र खेलाडीहरूको मनोबल बढाउनु रहेको थियो। संघका अध्यक्ष बी.के. रोकाको अध्यक्षतामा बसेको उक्त बैठकमा विभिन्न जिल्लाका विजेता, उप-विजेता टोलीका साथै उत्कृष्ट खेलाडी र समर्पित प्रशिक्षकहरूलाई उनीहरूको कडा परिश्रम र उत्कृष्ट प्रदर्शनको कदर गर्दै प्रोत्साहन राशिद्वारा सम्मानित गरियो। यसका साथै, सिक्किमभरि खो-खो खेलको पूर्वाधार र प्रवर्द्धनलाई अझ सुदृढ बनाउन संघले प्रत्येक जिल्ला एकाइलाई १५,००० रुपैयाँ अनुदान दिने महत्त्वपूर्ण निर्णय समेत गरेको छ।